mandala theatre-nepal

मिति: २०७६ माघ १४ गते

**प्रेस विज्ञप्ती**

**विषय: नाटक महाभोजको मन्चन बारे ।**

प्रस्तुत विषयमा यस मण्डला नाटक समूहको कलाकार टोली यस वर्षको चर्चित नाटक 'महाभोज' लिएर एसियाकै प्रतिष्ठित 'भारत रंग महोत्सव २०२०' मा सहभागी हुन गइरहेको सहर्ष जानकारी गराउँदछौं । भारतको नयाँ दिल्लीस्थित राष्ट्रिय नाट्य विद्यालय (नेशनल स्कुल अफ ड्रामा) द्वारा हरेक वर्ष आयोजना गरिने यो अन्तर्राष्ट्रिय नाट्य महोत्सवमा जानुपूर्व नाटक महाभोजलाई बिराटनगरमा समेत मञ्चन गरिने भएको छ ।

आरोहण गुरुकुल बिराटनगरको शुसिला कोइराला नाटकघरमा आगामी माघ २२ र २३ गते नाटक महाभोजको मञ्चन गरिदैंछ । प्रदेश सरकार, प्रदेश नं. १ को सहयोगमा गर्न लागिएको नाटक मञ्चनका लागि मण्डला थिएटर नेपालले आरोहण गुरुकुल, बिराटनगर र लेट्स इन्टरटेनमेन्ट प्रालिसँग सहकार्य गर्दैछ । प्रसिद्ध भारतीय लेखिका मन्नु भण्डारीद्वारा लिखित नाटक महाभोज पछिल्लो समयको अत्यन्तै चर्चित र प्रशंसित नेपाली नाटक हो । राजनीति अत्यन्तै संवेदनशील क्षेत्र हुँदाहुँदै पनि गलत व्यक्तिहरुको संलग्नताका कारण कसरी यो दूषित बन्न पुग्छ र त्यसले आम मानिसलाई कुन हदसम्म प्रभाव पार्न सक्छ भन्ने देखाउन सफल यो नाटकलाई काठमाडौंमा चालीस पटक मञ्चन गरिसकिएको छ । नेपालका प्रसिद्ध कवि तथा गीतकार विप्लव प्रतीकद्वारा अनुवाद गरिएको र चर्चित निर्देशक अनुप बरालद्वारा निर्देशन गरिएको यो नाटकमा प्रेस, पुलिस र पोलिटिक्सको नेक्ससले समाजमा पार्नसक्ने प्रभाव चित्रण गरिएको छ । माघ २२ गते अपरान्ह १२ बजे गरिने नाटकको मञ्चन हेर्न प्रदेश नं. १ का मुख्यमन्त्री माननीय शेरधन राई लगायत प्रदेश सरकारका अन्य मन्त्रीहरु र स्थानीय राजनैतिक नेता कार्यकर्ता, पत्रकार, प्रहरी प्रशासन आउने तय भएको छ । माघ २२ को सोही मञ्चन हेर्न प्रदेशका तमाम रंगकर्मीहरुलाई निमन्त्रणा गरिएको छ । नाटक मञ्चनपश्चात अनौपचारिक छलफल गर्ने कार्यक्रम रहेको छ । माघ २२ को साँझ र माघ २३ को अपरान्ह गरिने मन्चनमा भने स्थानीय नाट्यप्रेमी दर्शकहरुको उपस्थितिको अपेक्षा राखिएको छ । नाटक मञ्चनका लागि कलाकारहरुको ३५ सदस्यीय टोली माघ २१ गते बिराटनगर आइपुग्नेछ । नाटकमा रमेश बुढाथोकी, शेखर चापागाइँ, दयाहाङ राई, सृजना सुब्बा, बुद्धि तामाङ, बिजय बराल, विप्लव प्रतीक लगायतको अभिनय रहेको छ ।

बिराटनगरमा मन्चनपश्चात नाटक टोली सीमा पार गरी दिल्ली प्रस्थान गर्दैछ । भारत रंग महोत्सव अर्न्तगत नाटक महाभोजलाई माघ २६ गते नयाँ दिल्लीमा र माघ २८ गते देहरादूनमा मन्चन गरिने कार्यक्रम रहेको छ । भारतको मन्चन पश्चात कलाकार टोली सुनौली नाका हुँदै फागुन १ गते नेपाल फिर्ता आउनेछ ।

भारत रंग महोत्सवको २१ औं संस्करणको लागि यसै वर्ष भदौमा आवेदन खोलिएको थियो । विभिन्न देशबाट आएका कूल आठ सय छैसठ्ठी नाटकहरुमध्येबाट दुई चरणको छनौट प्रक्रिया गरेर जम्मा ६६ वटा नाटक छानिएको आयोजकले जनाएको छ । महोत्सवमा नेपालबाट महाभोज बाहेक सुशिला आर्ट एकेडेमीको प्रस्तुति नाटक 'कुमारी एण्ड द बिस्ट' छानिएको छ ।

कार्यक्रमको प्रचारप्रसार तथा सफलताका लागि आआफ्नो क्षेत्रबाट सहयोग गरिदिन हुन सम्बन्धित सबै दर्शक, शुभचिन्तक, पत्रकार, सरकारी तथा गैरसरकारी निकाय, नागरिक समाज, राजनीतिक दल तथा संघसंस्थाहरुमा हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रमसम्बन्धित थप जानकारीका लागि ९८४९२९६४६१ मा सम्पर्क गर्न सकिनेछ ।

सद्भाव, सहयोग तथा सुझावको अपेक्षासहित ।

mandala theatre-nepal

.....................................................

सोमनाथ खनाल
कार्यक्रम संयोजक
मण्डला थिएटर नेपाल